नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
आर्थिक प्रशासन शाखा

फो.नं.
४२००२६०
४२००२८७
सिंहदरबार, काठमाण्डौं

प.सं. २०७४।७५
च.नं. ३००

मितिः- २०७४।०९।०६

विषयः- अन्तिम लेखापरीक्षण उपस्थित हुने तथा सम्परीक्षणका लागि कागजात तयार गर्ने सम्बन्धमा ।

श्री जिल्ला समन्वय समितिको कार्यालयहरु,
ताप्लेजुङ्ग, झापा, मोरङ्ग, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, मकवानुपर, चितवन, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ्ग, बाँके, बर्दिया, कैलाली, कन्चनपुर, डोटी, डडेलधुरा, दार्चुला, अछाम, बैतडी र काभ्रेपलान्चोक ।

प्रस्तुत विषयमा पौषको दोश्रो हप्ता देखि त्यस जिल्ला स्थित जिल्ला समन्वय समिति र गाँउपालिका तथा नगरपालिकाको अन्तिम लेखापरीक्षण गर्न लेखापरीक्षण डोर खटिने भनी महालेखा परीक्षकको कार्यालयको प.सं. २०७४/७५ च.नं. ४९९ मिति २०७४।०९।०४ को पत्रबाट अनुरोध भई आएको र उक्त पत्रबाट हिमाली १० जिल्ला र पहाडी ३४ जिल्लाको लेखापरीक्षण भै सकेको हुँदा तल सि.नं. १ मा उल्लिखित समस्या देखिएको भनी लेखी आएकोले उक्त समस्याहरु नआउने गरि लेखापरीक्षणका बखत कार्यालय प्रमुख तथा लेखा प्रमुख र लेखापरीक्षणसँग सम्बन्धित जिम्मेवार कर्मचारी अनिवार्य रुपमा उपस्थित भै लेखापरीक्षणका लागि माग भएका कागजात प्रतिवेदन अतिरिक्त तपशिल सि.नं. २ मा उल्लिखित फारम अनुसारको विवरण पेश गरी गराई लेखापरीक्षण गराउन हुनका साथै गत विगत वर्षका बेरुजुहरुको कागजात तथा प्रमाण जुटाइ पुष्टायाई साथ सम्परीक्षणका लागि अनिवार्य रुपमा डोर समक्ष पेश गरी सो को जानकारी यस मन्त्रालयलाई गराउन हुन अनुरोध छ । लेखापरीक्षणका क्रममा उल्लिखित समस्या पुनरावृत्ति नहुनेगरि आवश्यक कागजात तथा प्रतिवेदनहरु तयारी हालतमा राखु हुन समेत जानकारीका लागि अनुरोध गरिन्छ ।

तपशिलः-

१. हिमाली तथा पहाडी जिल्लाको स्थानीय तहको लेखपारीक्षणका क्रममा आर्थिक विवरण तयार नगरेको, साविक गाँउ विकास समिति/ नगरपालिकाको जिम्मेवारी नसारेको, सम्पत्ति हस्तान्तरण नभएको, आन्तरिक लेखापरीक्षण नगराएको, मौज्दात भिडान नभएको र पेश्की बाँकी नसारेको जस्ता समस्याहरु देखिएका छन ।

२. लेखापरीक्षणमा प्रयोग हुने वित्तीय विवरणको एकिकृत अवस्था चित्रण गर्ने फाराम यसैसाथ संलग्न छ । उक्त फारामहरु भरी लेखपारीक्षण टोलीलाई यथा समयमा उपलब्ध गराउने व्यवस्था हुन अनुरोध छ ।

...........................
आनन्द राज ढकाल
नि. सचिव

बोधार्थः-
श्री महालेखा परीक्षकको कार्यालय
बबरमहल, काठमाडौः- तहाँको च.नं. ४९९ मिति २०७४।०९।०४ को पत्रका सम्बन्धमा सादर अनुरोध छ ।
श्री सूचना तथा विद्युतीय शासन शाखा,
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयः- website मा राखिदिनु हुन अनुरोध छ ।

पुरानो नगरपालीकाको लागि

## ----- नगरपालीका

## आर्थिक वर्ष २०७३/२०७४ को एकिकृत आय व्यय विवरण

| आय | | | | व्यय | | | |
|---|---|---|---|---|---|---|---|
| **विवरण** | **२०७३ फाल्गुन सम्मको** | **२०७३ फागुन २८ देखि २०७४ असार सम्मको** | **जम्मा रकम** | **विवरण** | **२०७३ फाल्गुन सम्मको खर्च** | **२०७३ फागुन २८ देखि २०७४ असार सम्मको** | **जम्मा रकम** |
| गत वर्षको जिम्मेवारी सारेको | | | | नगरपालिका अनुदान (चालु) | | | |
| गत वर्षको जिम्मेवारी (विपद व्यवस्थापन | | | | स्थानीय शासन तथा सामुदायिक विकास का. | | | |
| नगरपालिका अनुदान (चालु) | | | | सामाजिक सुरक्षा (चालु) | | | |
| नगरपालिका अनुदान (पुँजिगत) | | | | आन्तरिक श्रोत (चालु) | | | |
| नगर क्षेत्र पूर्वाधार (पुँजिगत) | | | | आन्तरिक श्रोत (पुँजिगत खर्च) | | | |
| सामाजिक सुरक्षा (चालु) | | | | नगर क्षेत्र पूर्वाधार (पुँजिगत) | | | |
| संघीय संरचना पूर्वाधार विकास कार्यक्रम | | | | नगरपालिका अनुदान (पुँजिगत) | | | |
| स्थानीय शासन तथा सामुदायिक वि.(चालु) | | | | संघीय संरचना पूर्वाधार विकास कार्यक्रम | | | |
| राजश्व बाँडफाँडबाट प्राप्त | | | | निर्वाचन क्षेत्र विकास (जिविस) | | | |
| आन्तरिक श्रोतको आय | | | | जिविसबाट निकासा | | | |
| निर्वाचन क्षेत्र विकास र स[illegible]त प्रवंदन कार्यक्रम | | | | उपभोक्ताको अंश | | | |
| जिविसबाट प्राप्त (पुल हेरालु र स्था.सडक) | | | | स्थानीय विपद व्यवस्थापन | | | |
| उपभोक्ता अंश | | | | संचित कोष दाखिला (राजश्व) | | | |
| राजश्व आम्दानी | | | | बैंक मौज्दात | | | |
| स्थानीय विपद व्यवस्थापन | | | | बैंक मौज्दात स्थानीय विपद व्यवस्थापन | | | |
| **जम्मा** | | | | **जम्मा** | | | |